# १२ यरुशलेममा येशू

*यस अध्यायका मूल पदहरू:* लूका १९:२८-४०, जकरिया ९:९, लूका १९:४५-४८, मत्ती २१:१२-१७, लूका २०:९-२६।

*मूल पद:* "येशू यरुशलेम शहरको नजिक आउनुभयो। जब उहाँले त्यस शहरलाई हेर्नुभयो तब उहाँ सुँक्क सुँक्क गर्न थाल्नु भयो।" (लूका १९:४१)।

यस संसारमा आफ्नो मानव चोलाको अन्तिम हप्ता येशूले यरुशलेममा बिताउनुभएको थियो। त्यस हप्ता संसारलाई हल्लाउने सनसनीपूर्ण घट्नाहरू भएका थिएः (१) येशू ख्रीष्ट हर्ष र बिजयको उल्लासको वातावरणमा शहरमा पस्नुभएको थियो (२) येशूलाई अस्वीकार गरेर उहाँलाई वेवास्ता गरेकोले त्यसको दुर्गती देख्नु भएकोले उहाँ रूनुभएको थियो (३) उहाँ मन्दिरमा गएर त्यहाँ आफ्नो रिस पोखाउनुभएको थियो (४) येशूको विरुद्धमा धार्मिक अगुवाद्वारा भइरहेको षडयन्बको निर्णायक पृष्ठभूमि चलिरहेको थियो (५) अन्तिम भोजनमा मर्माहत क्षण र गेतसमनीमा येशूको बेदना पनि उल्लेखनीय थिए (६) येशूको विरुद्धमा चलेको मुद्दाले न्यायप्रणालीको धज्जी उडाएको थियो (७) येशूलाई त्यही हप्तामा क्रुसमा टाँगिएको थियो र अन्तमा (८) येशूलाई चिहानमा राखेर ठूलो ढुङ्गाले धकनी लाएपनि तेस्रो दिनमा उहाँको पुनरुत्थान भएको थियो। एक हप्ताभित्र एउटै शहरमा भएको निर्णायक कदमहरू संसारको इतिहासमा पहिले न त कहिल्यै भएको थियो न हुने नै छ। यथार्थमा भन्ने हो भने त्यस हप्ता असल र खराबको बीचमा भएको युद्ध चुचुरोमा पुगेको थियो। त्यस हप्तामा येशूलाई बाहेक अरूलाई के भइरहेको थियो सो थाहा थिएन।

येशूले आफ्नो जीवनकालमा यरुशलेममा धेरै पल्ट जानुभएको थियो। बालककालमा मात्र होइन उहाँ हुर्कनुभएपछि येशू यरुशलेममा जानुभएको थियो भन्ने लेखा मत्ती, मर्कूस र यूहन्नाले राखेको पाइन्छः मन्दिरमा समर्पणको निम्ति बालक येशूलाई ल्याइएको थियो (लूका

२:२२-२८) (२) १२ वर्षको उमेरमा येशूले मन्दिरका पण्डितहरूसँग शास्त्रास्त्र वा भयङ्कर छलफल गर्नुभएको थियो (लूका २:४१-५०) (३) सैतानले येशूलाई मन्दिरको टुप्पामा लगेर हाम फाल्न भनेको थियो (लूका ४:९-११)। तर सुसमाचारका लेखकहरूको निम्ति त्यस हप्तामा भएको येशूको सेवाकार्यको समापन विशेष आकर्षण थियो।

## १. बिजय यात्रा (लूका १९:२८-४०)

प्रभु येशू ख्रीष्ट मध्यपूर्व एशियाको इस्रायलको बेथलहेम गाउँमा दुई हजार वर्ष अघि जन्मनुभएको थियो। उहाँ नासरथ भन्ने अर्को शहरमा हुर्कनु भएको थियो। उहाँले गालिली, समारिया, यहुदिया र पेरिया इलाकाभरि मानिसहरूलाई सिकाउनुभयो, प्रचार गर्नुभयो र बिरामीहरूलाई निको पार्नुभयो। तर उहाँको जीवनकालभरि एउटा शहरचाहिँ उहाँको केन्द्रविन्दु थियोः यरुशेलम। आफ्नो अन्तिम समयमा पनि त्यस शहरमा जान येशूले आफ्नो आफ्नो अनुहार उतातिर मोड्नुभएको थियो (लूका ९:५१)। अन्तिम पटक शहरमा उहाँ पस्दा त्यो क्षण विश्वको इतिहासमा अत्यन्त महत्त्वपूर्ण निर्णायक घडी थियो। राजकिय ढङ्गले यात्रा गरेर र क्रुसमा टाँगिनुभएर त्यो हप्तालाई उहाँले सुरू गर्नुभएको थियो। परमेश्वरको अस्तित्वलाई स्वीकार गर्न नचाहने, उहाँको प्रेमलाई वेवास्ता गर्ने हामी जस्ता उहाँको बैरिहरूलाई उहाँले आफ्नो पुत्र यस संसारमा पठाएर क्रुसको मृत्युमा होमिएर उहाँले हामीसँग मित्रताको हात बढाउनुभएको थियो (रोमी ५:१०)।

लूका १९:२८-४०मा चेलाहरूको जोश, उत्साह, उमङ्गको बारेमा लेखिएको कल्पना गर्नुहोस्। त्यो समय अब येशूले यरुशलेम कब्जा गरेर राजा दाउदको सांसारिक राज्यको गद्दीमा बस्नुहुनेछ भनेर तिनीहरू अत्यन्त निश्चित भएको हुनुपर्छ। तर तिनीहरूको अपेक्षा गलत साबित भएको थियो। त्यसबाट हामीले के महत्त्वपूर्ण पाठ सिक्नुपर्छ? हेर्नुहोस्ः “२८ येशूले यी कुरा भन्नुभएपछि उहाँ यरूशलेमतर्फ बढ्नुभयो। २९ जब उहाँ बेथफागे र बेथानियाको नजिक जैतून भनिने डाँड़ामा पुग्नुभयो, उहाँले आफ्ना चेलाहरूमध्ये दुई जनालाई यसो भनेर पठाउनुभयो, ३० “सामुन्नेको गाउँमा जाओ, र भित्र पस्दापस्दै तिमीहरूले

गधाको एउटा बछेड़ो बाँधेको भेट्टाउनेछौ, जसमाथि अहिलेसम्म कोही मानिस चढ़ेको छैन। त्यसलाई फुकाएर यहाँ ल्याओ। ३१ कसैले 'किन फुकाउँछौ?' भनेर तिमीहरूलाई सोध्यो भने, 'प्रभुलाई यसको खाँचो छ' भन्नू।" ३२ ती पठाइएकाहरू गए, र उहाँले तिनीहरूलाई जस्तो भन्नुभएको थियो त्यस्तै भेट्टाए। ३३ तिनीहरूले बछेड़ो फुकाउन लाग्दा बछेड़ाका मालिकहरूले तिनीहरूलाई सोधे, "तिमीहरू यो बछेड़ो किन फुकाउँछौ?" ३४ तिनीहरूले भने, "प्रभुलाई यसको खाँचो छ।" ३५ चेलाहरूले त्यसलाई येशूकहाँ ल्याए, र आफ्ना वस्त्रहरू बछेड़ोमाथि राखेर येशूलाई त्यसमाथि बसाए। ३६ उहाँ जानुहुँदा मानिसहरूले आफ्ना वस्त्रहरू बाटोमा ओछ्याए। ३७ उहाँ जैतून डाँड़ाको ओह्रालोमा आइपुग्नुहुँदा चेलाहरूको समस्त भीड, आफैले देखेका सबै शक्तिशाली कामहरूका निम्ति रमाउँदै, परमेश्वरको प्रशंसा गर्दै उच्च सोरले कराउन लागे, ३८ "परमप्रभुको नाउँमा आउने राजा धन्य हुन्। स्वर्गमा शान्ति र परमधाममा महिमा।" ३९ अनि भीड़का कुनै कुनै फरिसीहरूले उहाँलाई भने, "हे गुरु, तपाईंका चेलाहरूलाई हप्काउनुहोस्।" ४० तर उहाँले भन्नुभयो, "म तिमीहरूलाई भन्दछु, यिनीहरू चूप लागे भने ढुङ्गाहरू नै कराउनेछन्।"

**जब येशूको जन्मभयो त्यसबेला पूर्वका ज्ञानी मानिसहरू यरुशलेम शहरका ढोकाहरूमा घचघचाउँदै मर्माहत प्रश्न गरेका थिएः "यहूदीहरूको राजा भएर जन्मुभएको बालक कहाँ छ?" (मत्ती २:२ रूपान्तरित)। अब येशूलाई क्रुसमा टाँगिने केही दिन अघि उहाँका चेलाहरू र सारा जनलहरको उल्लासमय वातावरणले त्यो शहर ढाकेको थियो। सारा यरुशलेम शहरको आकास यसरी गुञ्जायमान भएको थियोः "प्रभुको नाउँमा आउनुभएका राजालाई हार्दिक स्वागत छ (धन्यका हुन्)" (लूका १९:३८ रूपान्तरित)।**

**यथार्थमा त्यो दृष्यले भविष्यवाणी पूरा भएको देखाइएको थियो)। "हे शियोनको शहर आनन्दले भरिपूर होओ! हे यरुशलेमका जनताहरू, हर्षले चिच्याउ! हेर तिमीहरूको राजा तिमीहरूकहाँ आउँदै हुनुहुन्छ। उहाँले जहिले पनि जे ठीक छ त्यही गर्नुहुन्छ। उहाँसँग उद्धार गर्ने शक्ति वा अधिकार छ। उहाँ नम्र र भलाद्मी हुनुहुन्छ। उहाँ गधामा**

चढेर आइरहनुभएको छ। उहाँ गधाको बछेडामा बसिरहनुभएको छ।" (जकरिया ९:८ रूपान्तरित)। येशूलाई थाहा थियो कि यस ऐतिहासिक जुलुसको "होसन्ना" भनेर घन्किएको आवाजको छिट्टै अन्त्य गोलगथामा हुनेछ। त्यसैकारण, उहाँ क्रुसमा टाँगिनुहुँदा "अब सिद्धियो" भन्ने आफ्नै विजयको आवाज उठाउनुभएको थियो।

परमेश्वरले अनन्तको योजना अनुसार सबै काम सम्पन्न भएको थियो। तर आफ्नै समय र संस्कारअनुसार चलेका परम्पराहरू, प्रचलित शिक्षाहरू र अपेक्षाहरूले येशूका चेलाका दिमागहरू यसरी भरिएका थिए कि उहाँले अगाडि दिनुभएको चेतावनी र त्यसको अर्थलाई तिनीहरूले पूरै भुलेका थिए।

ख्रीष्ट आफैले तिनीहरूसँग बोल्नुभएको थियो तर तिनीहरूले उहाँको मर्मलाई तिनीहरूले सुनेनन्। तर सुनेपनि आफ्नै ढिपीमा अडिग रहँदा येशूका खास वचनहरूलाई तिनीहरूले छोपेका थिए। हामी पनि बाइबलको सत्य ज्ञान हामीकहाँ आउँदा हामीहरूकै पूर्वाग्रहले भरिएका सोचबिचारले नछोप्न कसरी सतर्क हुने?

## २. यरुशलेममा मन्दिरलाई सफा गरेर आफ्नो क्रोधको प्रदर्शन (लूका १९:४६)

"प्रभुले क्रोधित भएर यो सम्बोधन गर्नुभयो, "यसरी लेखिएको छ कि "मेरो घर सारा मानिसहरूका निम्ति प्रार्थनाको घर हुनेछ" तर तिमीहरूले त "डाँकाहरूका ओढार पो बनाएछौ।" (लूका १९:४६ रुपान्तरित)।

विजयको यात्रा गरेर येशू यरुशलेमभित्र पस्नुभन्दा अगाडि त्यस शहरलाई हेरेर रूनुभएको थियो। शहरभित्र पसेपछि पहिलो काम त उहाँ मन्दिरभित्र पो पस्नुभयो।

त्यस मन्दिरभित्र येशूले के गर्नुभयो भनेर देहायका पदहरूले बताएका छन्। त्यहाँ येशूले के गर्नुभयो त्यसबाट हामीले के महत्त्वपूर्ण शिक्षा सिक्नुपर्छ? हामी येशूभक्त भनेर दावी गर्नेहरूले पनि परमेश्वरको घरलाई (आफै किन नहुन्) प्रार्थनाको घर गर्नुको सट्टा भ्रष्टाचारको

अखडा नबनाउन कसरी सतर्क हुने? एफिसी २:२१,२२ पनि पढ्नुहोस्।

लूका १९:४१-४८ “जब येशू नजिकै आइपुग्नुभयो र सहरलाई देख्नुभयो, उहाँ त्यसको निम्ति रुनुभयो, ४२ “शान्ति कुन कुराले ल्याउँछ भनेर तिमीले आज पनि जानेको भए हुनेथियो! तर अब तिम्रो दृष्टिबाट त्यो लुकेको छ। ४३ किनकि तिमीमाथि यस्ता दिन आउनेछन्, जब तिम्रा शत्रुहरूले तिम्रो वरिपरि मोर्चा बाँधेर घेरा हाल्नेछन्, र सबैतिरबाट तिमीलाई थुनिराख्नेछन्। ४४ तिनीहरूले तिमीलाई र तिमीभित्र वास गर्ने तिम्रा सन्तानलाई जमिनमा पछार्नेछन्, र एउटा ढुङ्गामाथि अर्को ढुङ्गा पनि छोडिनेछैन। किनकि तिमीले आफूमाथि भएको परमेश्वरको कृपा-दृष्टिको समयलाई चिन्न सकेनौ।” ४५ तब उहाँ मन्दिरभित्र प्रवेश गर्नुभयो र बिक्री गर्नेहरूलाई निकाल्नुभयो, ४६ र तिनीहरूलाई भन्नुभयो, “धर्मशास्त्रमा लेखिएको छ, ‘मेरो घर प्रार्थनाको घर हुनेछ,’ तर तिमीहरूले त यसलाई डाँकूहरूको अड्डा बनाएका छौ।”, मत्ती २१:१२-२७ “येशू परमेश्वरको मन्दिरमा प्रवेश गर्नुभयो। अनि उहाँले मन्दिरमा किनबेच गर्ने सबैलाई धपाउनुभयो, र पैसा साट्नेहरूका टेबिल, र परेवा बेच्नेहरूका आसन पल्टाइदिनुभयो। १३ उहाँले तिनीहरूलाई भन्नुभयो, “यो लेखिएको छ, ‘मेरो घर प्रार्थनाको घर कहलाइनेछ।’ तर तिमीहरूले यसलाई डाँकूहरूको अड्डा बनाएका छौ।” १४ अन्धा र लङ्गड़ाहरू मन्दिरमा उहाँकहाँ आए, र उहाँले तिनीहरूलाई निको पार्नुभयो। १५ तर जब मुख्य पूजाहारीहरू र शास्त्रीहरूले चाहिँ उहाँले गर्नुभएका अचम्मका काम देखे, र केटाकेटीहरूले मन्दिरमा “दाऊदका पुत्रलाई होसन्ना” भन्दै चिच्च्याएका सुने, तब तिनीहरू क्रोधित भए, १६ र तिनीहरूले उहाँलाई भने, “सुन्दैछौ, यिनीहरूले के भनिरहेका छन्?” तब येशूले तिनीहरूलाई भन्नुभयो, “हो, सुन्दैछु। के तिमीहरूले पढ़ेका छैनौ, ‘शिशुहरू र दूधे-बालकहरूका ओठबाट तपाईंले पूर्ण प्रशंसा निकाल्नुभएको छ’?” १७ तब तिनीहरूलाई छोड़ेर उहाँ सहरबाट निस्की बेथानियामा गई त्यहाँ वास बस्नुभयो।", मर्कूस ११:१५-१९ “अनि यरूशलेममा पुग्नुभएपछि उहाँ मन्दिरभित्र पस्नुभयो, अनि मन्दिरमा किनबेच गर्नेहरूलाई बाहिर निकाल्नुभयो र पैसा साट्नेका टेबिलहरू र

परेवा बेच्नेका बस्ने ठाउँहरू पल्टाइदिनुभयो। १६ उहाँले कसैलाई कुनै थोक मन्दिरबाट लैजान दिनुभएन। १७ अनि उहाँले शिक्षा दिँदै भन्नुभयो, "के यसो लेखिएको छैन, 'मेरो घर सब जातिहरूका निम्ति प्रार्थनाको घर कहलाइनेछ'? तर तिमीहरूले त यसलाई डाँकूहरूको अड्डा बनाएका छौ।" १८ अनि मुख्य पूजाहारीहरू र शास्त्रीहरूले यो सुनेर उहाँलाई कसरी नाश पारौं भनी उपाय खोज्न लागे। किनभने तिनीहरू उहाँसँग डराउँथे, किनकि सारा भीड़ले उहाँको शिक्षामा अचम्म मानेका थिए। १९ साँझ पर्दा उहाँ सहर बाहिर निस्केर जानुभयो।" र एफिसी २:२१,२२ "उहाँमा पूरै घर ठीकसँग एकैसाथ जोडिएर प्रभुमा एउटै पवित्र मन्दिर हुनलाई बढ्दैजान्छ। २२ अनि पवित्र आत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरू पनि उहाँमा एकसाथ निर्माण हुँदैजान्छौ।"

सुसमाचारका चारै लेखकहरूले मन्दिरमा आफ्नो क्रोध पोखाएर धर्मको नाउँमा व्यापार गर्नेहरूलाई धपाउनुभएको थियो। ई.सन् २८तिर निस्तार चाढको बेलामा येशू मन्दिरभित्र गएर प्रथम् पटक ती व्यापारीहरूलाई हटाएको यूहन्नाले उल्लेख गरेका छन् (यूहन्ना २:१३-२५)। तर सुसमाचारका अरू लेखकहरूले येशूको सेवाकार्यको अन्तिम घडीमा मन्दिरमा सफा गर्न जानुभएको लेख्दछन्। यो चाहिँ ई.सन् ३१ तिर निस्तार चाढको बेलामा भएको थियो। त्यसकारण येशूले मन्दिरमा गर्नुभएको दुई सफाईले उहाँको सेवाकार्यको बारेमा थप जानकारी दिइन्छ। मन्दिरको पवित्रता र त्यसमा हुने सेवाकार्यहरूमा येशूले कस्तो चासो देखाउनुभएको थियो भनेर ती घट्नाहरूले बताउँछन्। येशूको लक्ष्य र उहाँ अभिषेक गरिएको मसीहको हैशियतमा उहाँमा कतिको अधिकार थियो भनेर तिनीहरूले छर्लङ्गन देखाउँछन्।

दोस्रो पटक मन्दिरमा गएर येशूले जे गर्नुभयो त्यो उहाँको मृत्यु हुने समयको अगाडि थियो। यसले एक घटलाग्दो जिज्ञासालाई हाम्रो सामु तेर्स्याइएको छः येशूलाई यो थाहा थियो कि उहाँको मृत्यु छिट्टै हुनेछ। मन्दिरमा हुने सम्पूर्ण सेवाकार्यहरूको प्रभावकारितापनि छिट्टै अन्त्य हुनेछ भनेर उहाँलाई थाहा थियो। तर मन्दिरलाई प्रदुषित गर्ने सामान तथा क्रियाकलापहरूलाई उहाँले हुट्ट्याउनुभएको भएको थियो।

४० वर्षपछि त्यो मन्दिर चक्नाचुर हुनेछ भनेर उहाँले थाहा पाउँदा पाउँदै पनि त्यसलाई उहाँले किन त्यतिकै छोड्नुभयो?

त्यसको जवाफ हामीलाई दिइएको छैन। हुनसक्छ, येशूको मृत्यु नहुँञ्जले त्यो घर परमेश्वरकै घर भनेर उहाँले मान्यता दिनुभएको थियो। मुक्तिको योजनाको बारेमा देखाउने थलो अझै त्यो मन्दिर थियो। येशू नमरूञ्जेल त्यस मन्दिरमा भएका सेवाकार्यहरूले विश्वासी यहूदीहरूलाई येशू को हुनुहुन्छ र उहाँको मृत्युको अर्थ के हो भनेर बुझाउन सहयोग भइरहेको थियो। त्यसकारण सारा मुक्तिको योजनालाई मन्दिरमा भएको सेवाकार्यले देखाइरहेको थियो जसबाट कि धेरै मानिसहरूले यो थाहा पाउन् कि येशू नै त्यस थुमा हुनुहुन्छ जो कि संसारको स्थापना हुनुभन्दा अघि उहाँ मारिनुभएको थियो (प्रकाश १३:८)।

## ३. दाखबारीका दुष्ट मोहीहरू (लूका २०:९-१९)

मानिसहरूलाई पापबाट फर्काउने परमेश्वरको प्रयासलाई धर्मका खोल लगाउने व्यक्तिहरूले निरन्तररूपमा ठुकाराइ दिइरहेको इतिहासलाई दाखबारीका दुष्ट मोहीहरूको दृष्टान्तले बताउँदछ। त्यस कथाको केन्द्रविन्दु नै कमजोर पापीहरूलाई परमेश्वरले देखाउनुभएको निरन्तर प्रेमको इतिहास हो। त्यो दृष्टान्त येशूको समयमा रहेका यहूदी धर्मगुरूहरूलाई लक्षित गरेर भनिएको थियो (तिनीहरूलाई-धर्मगुरूहरू- थाहा थियो कि त्यो कथा तिनीहरूको खिलाफमा भनिएको थियो)। तर विश्वको अध्यात्मिक इतिहासमा कुनै समयमा सिमित नरहेको सबै मानिसको निम्ति पाठ थियो। परमेश्वरको प्रेम र विश्वास खनिएका प्रत्येक पुस्ता, प्रत्येक चर्च समूह र प्रत्येक व्यक्तिले त्यसको बदलामा उहाँप्रति बफादार तथा निष्ठावान होउन् भन्ने उहाँले अपेक्षा गर्नुहुन्छ भनेर उक्त दृष्टान्तले छर्लङ्ग पार्दछ। छोटो जीवनमा बाँचिरहेका हामीहरू यस संसारमा केवल बहालमा बसेका मात्र हौं। त्यसलाई मध्य नजरमा राखेर इतिहासमा बगिरहेको मानिसहरू कस्ता रहेछन् भनेर परमेश्वरले हेर्नुहुन्छ भनेर मोहीको कथाले चिरफार गर्दछ।

हेर्नुहोस, लूका २०:९-१९। यस कथा पढेर त्यसमा भएका मोहीहरू जस्तै हामी पनि भएर त्यही गल्ती गऱ्यौं भने हामीहरूको गति

पनि कस्तो हुँदोरहेछ भनेर कसरी सतर्क रहेर बस्ने? “९ उहाँले
मानिसहरूलाई यो दृष्टान्त भन्नुभयोः “एक जना मानिसले दाखबारी
लगाए, र मोहीहरूलाई दिएर धेरै दिनका निम्ति परदेश गए। १० फल
पाकिसकेपछि दाखबारीबाट केही फल लिन दाखबारीका मालिकले
आफ्नो एउटा नोकरलाई मोहीहरूकहाँ पठाए। तर मोहीहरूले त्यसलाई
पिटेर रित्तै पठाइदिए। ११ तिनले अझै अर्को नोकरलाई पठाए, तर
तिनीहरूले त्यसलाई पनि पिटी बेइज्जत गरेर रित्तै पठाइदिए। १२
तिनले तेस्रालाई पनि पठाए। तर तिनीहरूले त्यसलाई पनि घाइते
बनाएर निकालिदिए। १३ “अनि दाखबारीका मालिकले भने, ‘अब म के
गरूँ? म आफ्नो प्यारो छोरो पठाउनेछु। शायद उसलाई त तिनीहरूले
आदर गर्लान्।’ १४ “तर मोहीहरूले उसलाई देखेर आपसमा कुरा गरे,
‘यो त हकवाला हो। हामी यसलाई मारौं, र सम्पत्तिको हक हाम्रो
हुनेछ।’ १५ अनि तिनीहरूले उसलाई दाखबारीको बाहिर लगेर मारे।
“अब दाखबारीका मालिकले तिनीहरूलाई के गर्लान्? १६ तिनी आएर
ती मोहीहरूलाई मार्नेछन्, र दाखबारी अरूहरूलाई दिनेछन्।”
मानिसहरूले यो सुनेर भने, “यस्तो कहिले नहोस्।” १७ तर उहाँले
तिनीहरूलाई हेरेर भन्नुभयो, “यो लेखिएको के हो त? ‘जुन ढुङ्गालाई
भवन निर्माण गर्नेहरूले रद्द गरे, त्यहीचाहिँ कुनाको शिर-ढुङ्गो बन्यो।’
१८ त्यस ढुङ्गामाथि खस्ने हरेक चकनाचूर हुनेछ, तर जसमाथि त्यो
खस्छ त्यसले त्यसलाई धूलोपीठो पार्नेछ। १९ तब शास्त्रीहरू र मुख्य
पूजाहारीहरूले त्यसै बेला उहाँलाई पक्रन खोजे। तिनीहरूलाई थाहा
थियो कि यो दृष्टान्त तिनीहरूकै विरुद्धमा भनिएको थियो तर तिनीहरू
मानिसहरूसँग डराउँथे।"

**आध्यात्मिक अगुवा भनेर धर्मको रक्षा गर्ने भनेर नाम चलिएका मानिसहरूले आफ्नो प्रेम र शुद्ध अर्थात् निश्चल जीवनको फल परमेश्वरलाई सुम्पिनुपर्नेमा तिनीहरू असफल भएका थिए। तर परमेश्वर दाखबारीको (वा यस पृथ्वीका) मालिक भएको हैशियतले उहाँले आफ्ना सेवकहरूलाई बारम्बार पठाउनुभयो (पद १०-१२) अर्थात् उहाँले एक अगमवक्ता पछि अर्को अगमवक्ता अर्थात् उहाँको निम्ति बोल्ने व्यक्तिहरू पठाउनुभयो (यर्मिया ३५:१५)। परमेश्वरले खटाउनुभएको काममा**

बफादारीसाथ जिम्मेवार वहन गरेर काम गरोस् भनेर आफ्ना मानिसहरूकहाँ आफ्ना सेवकहरू पठाएर उहाँको मायाले तिनीहरूलाई घचघच्याइरहनुभएको थियो। तर परमेश्वरको प्रत्येक अगमवक्ता ती मानिसहरूको दुर्व्यवहारको सिकार बने। "के तिमीहरूमा कहिल्यै यस्तो अगमवक्ता थिएन जसलाई तिमीहरूले हानी गर्न खोजेनौं?" (प्रेरित ७:५२ रूपान्तरित)।

परमेश्वरको इतिहास भनेकै उहाँको लामो प्रेम कहानी हो। तर मानविय संस्कारमा उहाँको वचनलाई लत्याएर उहाँका सेवकहरूलाई पिडा दिने काम बारम्बार भइरहेतापनि एक दिन परमेश्वरको यशले बिजय हासिल गर्नेछ। पुनरुत्थान हुनुभन्दा अघि क्रुस बोक्नैपर्छ। यहूदीहरू वा अन्यजातिहरूले पन्छाएका पत्थर (येशू) अब परमेश्वरको राज्यको महान् मन्दिर वा दरवारको शिरढुङ्गा हुनपुग्नुभएको छ जहाँ मुक्ति पाएका धनी र गरिब, यहूदी र म्लेच्छ भनेर हेपिएका अरू जातिहरु, नर र नारी आदि मानव प्राणीहरू एक भएर बस्नेछन्। अन्तमा तिनीहरू स्वर्गमा भएको दाखबारीमा तिनीहरू हिँड्नेछन् र अन्तमा त्यहाँ भएका फलको स्वाद सधैंभरि स्वाद लिन पाइरहनेछन्।

वर्तमान युगमा परमेश्वरका जीवित अगमवक्ताहरू नहोला तर परमेश्वरको वचनको आवाज घन्काउने मानिसहरूलाई पहिलाकोले जस्तै अहिले पनि पन्छाउन सक्छौं। परमेश्वरको दाखबारीको हेरचाह गर्न र त्यसको फल अरूलाई चखाउन नियुक्ति पाएका हामीहरूले पनि उहाँ सन्देशवाहककहरको सन्देशलाई नलत्याउन हामी कसरी चनाखो भएर बस्ने?

## ४. परमेश्वरलाई रोज्ने कि सिजर अर्थात् संसारको शासकलाई रोज्ने? (लूका २०:२०-२६)

जुनसुकै देशमा रहेतापनि त्यस देशको नियमपालन कसरी गर्नुपर्छ भनेर येशूले औँल्याउनुभएक नितिबाट हामी के सिक्नसक्छौं? हेर्नुहोस्, लूका २०:२०-२६ "तिनीहरू मौका हेर्न लागे, र धर्मी भई टोपल्ने जासूसहरूलाई तिनीहरूले उहाँकहाँ पठाए। येशूले भन्नुभएको कुरामा उहाँलाई फसाएर अधिकारीहरू र हाकिमका हातमा उहाँलाई सुम्पिदिने

दाउमा तिनीहरू थिए। २१ तिनीहरूले उहाँलाई सोधे, “गुरुज्यू, हामी जान्दछौं, तपाईं ठीक बोल्नुहुन्छ र ठीक सिकाउनुहुन्छ, र कसैको पक्षपात गर्नुहुन्न, तर सत्यतासाथ परमेश्वरको मार्ग सिकाउनुहुन्छ। २२ हामीले कैसरलाई कर तिर्नु उचित छ, कि छैन?” २३ तर उहाँले तिनीहरूको कपट बुझेर तिनीहरूलाई भन्नुभयो, २४ “मलाई एउटा सिक्का देखाओ। यसमा कसको चित्र र कसको नाउँ खोपिएको छ?” तिनीहरूले भने, “कैसरको।” २५ उहाँले तिनीहरूलाई भन्नुभयो, “यसकारण जे कैसरका हुन् कैसरलाई देओ, र जे परमेश्वरका हुन् परमेश्वरलाई देओ।” २६ मानिसहरूका सामुन्ने तिनीहरूले उहाँलाई कुरामा फसाउन सकेनन्, र उहाँको जवाफमा तिनीहरू चकित भएर चूप रहे।"

**येशूको समयमा मध्यपूर्व यशिया इस्राएलका मानिसहरूमा पश्चिमी रोम देशले लादेका कर अत्यन्त अप्रिय थियो। प्रशिद्ध इतिहास लेखक जोसिफसले ई.सन् ६मा गलिल प्रान्तमा रहेको यहूदा भन्ने क्रान्तिकारी नेताले सिजर सम्राटलाई कर तिर्नु परमेश्वरको बिरोधमा छ भनेर घोषणा गरेको उल्लेख गरेका छन्। करको विषयमा लिएर बेला बेलामा रोमको विरुद्धमा जन लहर उठेर विद्रोह हुने गर्थ्यो। कर तिर्नु एकदम संवेदनशील विषय भएकोले येशूलाई धरापमा पार्न यहूदी पण्डितहरूले जासुसहरू पठाएर कर तिर्नु उचित छ कि छैन भनेर सोध्न लगाएका थिए। त्यो प्रश्न षडयन्त्रपूर्ण थियो भनेर येशूले थाहा पाइसक्नुभएको थियो। यदि उहाँले कर तिर्नु उचित छ भनेर जवाफ दिनुभयो भने उहाँ रोमको पक्षमा उभिएको ठहरिन्थ्यो र जन लहरले उल्लासमय वातावरणमा उहाँ यहूदीहरूका राजा भनेर घोषणा गरेकोमा उनी राजा हुन अयोग्य सावित हुन्थ्यो। यदि हुँदैन भनेर जवाफ दिनुभएको भए उहाँले यहूदीहरूको पक्षमा उभिएर रोमको शासनको विरुद्धमा खडा भएको ठहरिन्थ्यो। अनि उहाँलाई रोमी साम्राज्यको विद्रोही भनेर आरोप लगाएर उहाँलाई खडा गराउन सकिन्थ्यो। येशूले जुनसुकै जवाफ दिएतापनि उहाँ उम्किन नसकोस् भन्ने चाहनाले ती धर्मका मतियारहरूले उहाँको विरोधमा धराप थापेका थिए।**

तिनीहरूको नियतलाई येशूले छर्लङ्ग देखेका थिए। उहाँले एक सिक्का मागेर त्यस सिक्कामा भएको फोटोलाई सबैको सामु देखाएर भन्नुभयो “तब सिजरको जे छ उसलाई नै देऊ र परमेश्वरको जे छ परमेश्वरलाई नै देऊ" (लूका २०:२५ रूपान्तरित)। सिजर सम्रातको छत्रछायाँमा रहेका मानिसहरूले दैनिक व्यापारिक कारोबार गर्दा सिजरलाई कर तिर्नु सबैको उत्तरदायित्व थियो। तर त्यसको साथै त्यो भन्दा महान् उत्तरदायित्व पनि मानिसहरूले सम्झनु पर्थ्यो। हामीहरू परमेश्वरको स्वरुपमा सृष्टि भएको हुनाले उहाँप्रति पूर्णरूपमा बफादार हुनु हाम्रो दायित्व हो।

“येशूले ती जासुसहरूको प्रश्नलाई अत्यन्त कुटनैतिकपूर्वक इमान्दारीसाथ जवाफ दिनुभएको थियो। उहाँले भन्नुभएको थियो कि, मानिसहरू रोमी साम्राज्यको शक्तिको सुरक्षामा रहेको हुनाले त्यस शक्तिले अपेक्षा गरेको सहयोग दिनुपर्छ। परमेश्वरको नीतिको खिलाफमा नजाउञ्जेल सरकारप्रति जिम्मेवारी भएर असल नागरिक बन्नुपर्छ। तर राष्ट्रको कानुनको मुनी रहेर शान्तसँग जिउने क्रममा मानिसहरूको प्रथम् प्राथमिकता र पूर्णरूपमा बफादारीता परमेश्वरलाई दिनुपर्दछ।" –एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ६०२बाट रूपान्तरित।

जुनसुकै देशमा रहेतापनि निरन्तररूपमा हामी असल नागरिक हौं भनेर देखाउने के के उपायहरू छन्? फेरि त्यसैबखत हामीहरू त्यस शहरको असली नागरिक हौं भनेर विर्सनुहुन्न जुन् शहरको निर्माणकर्ता र सृष्टिकर्ता परमप्रभु परमेश्वर हुनुहुन्छ (हिब्रू ११:१० रूपान्तरित)।

## ५. आफ्नो चेलाहरूसँग खानु भएको प्रभु भोज (लूका २२:१३-२०)

निस्तार चाडकै बेलामा बेलुकीपख चेलाहरूसँग खानुभएको अन्तिम खानाको महत्त्वपूर्ण अर्थ के छ? हेर्नुहोस्, लूका २२:७-२० “अखमिरी रोटीको चाड़को दिन आयो, जुन दिन निस्तार-चाड़को थुमा बलि चढ़ाउनुपर्थ्यो। ८ उहाँले पत्रुस र यूहन्नालाई यसो भनेर पठाउनुभयो, “गएर हाम्रा निम्ति निस्तार-चाड़को भोज तयार गर।” ९ तिनीहरूले उहाँलाई भने, “हामी यो भोज कहाँ तयार गरौं?” १० उहाँले तिनीहरूलाई भन्नुभयो, “तिमीहरू सहरमा पसेपछि गाग्रोमा पानी बोकेको एक जना मानिसले तिमीहरूलाई भेट्नेछ। त्यो जुन घरमा पस्छ

त्यहाँसम्म त्यसको पछि लाग, ११ र तिमीहरूले त्यस घरका
मालिकलाई भन, 'गुरुले तपाईंलाई सोध्नुहुन्छ, मैले आफ्ना चेलाहरूसँग
निस्तार-चाड़को भोज खाने अतिथि-कोठा कहाँ छ?' १२ उनले
तिमीहरूलाई माथिल्लो तलामा सजिसजाउ भएको ठूलो कोठा
देखाउनेछन्, र त्यहीं तयार गर।" १३ तिनीहरू गए, र उहाँले
भन्नुभएझैं भेट्टाए, र तिनीहरूले निस्तार-चाड़को तयारी गरे। १४ अनि
जब बेला भयो, तब उहाँ प्रेरितहरूसँग भोजन गर्न बस्नुभयो। १५
उहाँले तिनीहरूलाई भन्नुभयो, "मैले दुःख भोग्न अघि नै यो निस्तार-
चाड़को भोजन तिमीहरूसँग खाने ठूलो इच्छा गरेको थिएँ, १६ किनकि
म तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्यमा यो पूरा नहोउञ्जेल म यो
भोज फेरि खानेछैनँ।" १७ तब कचौरा लिएर धन्यवाद चढ़ाउनुभएपछि
उहाँले भन्नुभयो, "यो लेओ, र तिमीहरू आपसमा बाँड़। १८ किनकि म
तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्य नआउञ्जेल अब उप्रान्त
अङ्गुरको रस म पिउनेछैनँ।" १९ अनि उहाँले रोटी लिनुभयो र
धन्यवाद चढ़ाउनुभएपछि त्यो भाँच्नुभयो र तिनीहरूलाई यसो भन्दै
दिनुभयो, "तिमीहरूका निम्ति दिइएको यो मेरो शरीर हो। मेरो
सम्झनामा यो गर्ने गर।" २० यसै गरी खाइसक्नुभएपछि उहाँले
कचौरा लिनुभयो र भन्नुभयो, "यो कचौरा तिमीहरूका निम्ति बगाइएको
मेरो रगतमा स्थापित गरिने नयाँ करार हो। २१ तर हेर, मलाई
पक्राउनेको हात मैसँग टेबिलमा छ। २२ किनकि मानिसको पुत्र त
ठहराइएअनुसार जानैपर्छ, तर धिक्कार त्यस मानिसलाई, जसले उसलाई
धोका दिन्छ।" २३ यस्तो काम गर्ने तिनीहरूमध्ये को होला भनी
तिनीहरू आपसमा बहस गर्न लागे। २४ अब तिनीहरूमध्ये सबैभन्दा
प्रमुख को गनिने हो भनी चेलाहरूका बीचमा वाद-विवाद हुन लाग्यो।
२५ उहाँले तिनीहरूलाई भन्नुभयो, "अन्यजातिका राजाहरूले
तिनीहरूमाथि प्रभुत्व गर्छन्, र तिनीहरूमाथि अधिकार चलाउनेहरू
'उपकारी' भनिन्छन्। २६ तर तिमीहरूचाहिँ यस्तो नहोओ।
तिमीहरूमध्ये जो ठूलो छ, त्यो सानो बनोस्, र अगुवा हुनेले चाहिँ सेवा
गरोस्। २७ किनभने ठूलो को हो? भोजन खान बस्ने कि सेवा गर्ने? के
भोजन खान बस्ने होइन? तर म तिमीहरूका बीचमा एक जना सेवा

गर्नेजस्तै छु। २८ “तिमीहरूचाहिँ मेरो परीक्षामा मलाई साथ दिनेहरू हौ। २९ जसरी मेरा पिताले मलाई एउटा राज्य दिनुभयो, म पनि तिमीहरूलाई दिन्छु, ३० ताकि मेरो राज्यमा तिमीहरू मेरो टेबिलमा खाने र पिउनेछौ, र इस्राएलका बाह्रै कुलको न्याय गरेर सिंहासनहरूमा बस्नेछौ।"

**येशूले प्रभु भोजलाई निस्तार चाडको पर्वको ऐतिहासिक घडीसँग जोड्नुभएको थियो। त्यो चाडले मानिसको कमजोरीपनातुलनामा परमेश्वरको महान् शक्तिको प्रदर्शन भएको देखाएको थियो। इस्राएलीहरू इजिप्तको दासत्वबाट स्वतन्त्र हुन आफ्नै शक्तिले सम्भव थिएन। त्यही प्रकारले हामीहरू आफ्नै शक्ति वा धर्मकर्म आदिद्वारा पापको दासत्वबाट मुक्ति पाउँदैनौं। परमेश्वरको अनुग्रह र प्रेमको बरदानको रूपमा हामीमा मुक्ति आएको थियो। सच्चा स्वतन्त्रता परमेश्वरबाट नै आउँछ भन्ने सन्देश इस्राएलीहरूले पुस्तौं पुस्तासम्म आफ्ना सन्तानहरूलाई सिकाउनुपर्थ्यो (प्रस्थान १२:२६,२७)। परमेश्वरले उद्धार गर्ने कार्यमा नै इस्राएलीहरूको स्वतन्त्रताको इतिहासको जरा गाडिएको थियो। त्यही प्रकारले मानिसहरूलाई पापबाट छुटकारा दिन त्यस ऐतिहासिक घट्नामा भरपर्दछ जुन् क्रुसमा भएको थियो। येशू ख्रीष्ट नै निस्तार चाडको बलिको पाठो थियो (१ कोरन्थी ५:७)। उहाँले अन्तिम पटक खानुभएको भोजनले “सम्पूर्ण विश्वासीहरूलाई येशूको मृत्युको गरिमाको बारेमा घोषणा गर्न एक उदाहरणको रूपमा प्रस्तुत गरिएको मान्नुपर्छ।"-जी. सी. बर्कोवर, *द साक्रेमेन्टस्* (ग्रान्ड रापिड, विलियम बी. इर्डमान्, १९६९), पृ. १९३बाट रूपान्तरित।**

**येशूलाई अन्तर्घात गरिएको रात र उहाँलाई क्रुसमा टाँगिनु रातको एक दिन अगाडि चेलाहरूले सम्झिनु पर्ने महत्त्वपूर्ण सन्देशलाई याद दिलाउन प्रभुले त्यस अन्तिम खानको आयोजना गर्नुभएको थियो। रोटी र दाखरस उहाँको शरीरको प्रतिक हो भनेर तिनीहरूले सम्झिनु पर्थ्यो। मानिसहरूको पापको निम्ति येशूले आफ्नो शरीर भाँच्न दिन लागेको रोटीको प्रतिकले देखाउँछ भने त्यस पापलाई पखाल्न उहाँको रगत बगाएको दाखरसको प्रतिकले देखाउँछ (मत्ती २६:२८)। हामीहरूलाई पापबाट मुक्ति दिन केवल येशूको मृत्युबाट हुनुपर्छ भन्ने**

परमेश्वरको योजना थियो। त्यसले गर्दा येशूको मृत्यु हामीहरूको मुक्तिको निम्ति स्वर्गबाट दिइएको बरदान हो। येशूले प्रभुभोजलाई आशिष दिनुभयो र उहाँ नआउँञ्जेल त्यो रीति कायम गरिराख्नु भन्ने आदेश उहाँले दिनुभएको थियो (१ कोरन्थी ११:२४-२६)।

धेरैको निम्ति उहाँले आफ्नो रगत बगाउनुहुनेछ भनेर येशूले सिकाउनुभएको भएको थियो (मत्ती २६:२८)। संसारको इतिहासको अन्त्यसम्म त्यो स्मारकको रूपमा सम्झि राख्न विश्वासीहरूले प्रभुभोजको आयोजना गर्न अनिवार्य छ। येशूको मृत्युबाट पाउने मुक्तिको शिक्षालाई अश्वीकार गर्दा र अरू कुनै उपायबाट मुक्ति पाउँछ भनेर विश्वास गर्दा परमेश्वरलाई सरासर अश्वीकार गर्नु हो र मुक्तिको निम्ति उहाँद्वारा रच्नुभएको उपायलाई लत्याउनु हो।

जब हामी प्रभुभोजमा सरिक हुन्छौं तब दुई महत्त्वपूर्ण विषय धरोहरको रूपमा खडा भएको हुनुपर्छ। प्रथमतः येशू हामीहरूको निम्ति मर्नुभयो। दोस्रोमा हामी सम्पूर्ण विश्वासीहरू एक शरीर भएर उहाँको अगाडि बस्दछौं जसले आफ्नो मृत्युद्वारा उहाँको सतसङ्गमा हामी सबैलाई एकत्रित पार्नुभयो। जब हामी प्रभुभोजको सामु बस्छौं तब हामी संसारको अन्तिम समयमा मुक्ति पाएका जनहरू हौं भनेर प्रमाणित गर्दछौं। त्यति मात्र होइन, हामी उहाँको दोस्रो महिमित आगमनको प्रतिक्षामा छौं भनेर पनि देखाउँछौं। त्यो बेला नआउँञ्जेल प्रभुभोजले हामीलाई यो याद दिलाउँछ कि यस संसारको इतिहासको अर्थ छ र जीउनुमा आशा छ।

तपाईंलाई अनन्त जीवन दिन येशूले तपाईंको निम्ति शरीर र रगत बगाउनुभयो। यो अचम्मको सत्यले तपाईंलाई हरदम अर्थपूर्ण र आशापूर्ण जीवन बिताउन कसरी सघाउँछ?

## उपसंहारः

थप जानकारीः "येशूको शरीर र रगतको प्रतिकलाई रोटी र दाखको रसको रूपमा खानु र पिउनुको अर्थ उहाँलाई हामीले व्यक्तिगत मुक्तिदाताको रूपमा ग्रहण गर्नु हो। त्यसो गर्नाले उहाँले हामीलाई पाप क्षमा गर्नुहुन्छ भनेर स्वीकार्नु हो र हामीहरू उहाँमा नै पूर्ण छौं भन्ने आभास पाउनु हो। उहाँको प्रेमलाई एक मन लगाएर हेर्दै जाँदा र

उहाँको बारेमा सोचिरहन्दा र पिइरहन्दा हामी उहाँको स्वभावमा सहभागी हुन जान्छौं। शरीरको निम्ति खाना चाहिन्छ भने हामीहरूको आत्मा वा प्राणको निम्ति ख्रीष्ट हुनुपर्छ। यदि खाना खाएनौं भने खानाले हामीलाई केही पनि फाइदा गर्दैन। खाना नखाइ बस्दा हामीहरूको जीउनुको औचित्य हुँदैन। त्यसरी नै यदि येशूलाई हामीहरूको व्यक्तिागत मुक्तिदाता भनेर चिन्न सकेनौं भने हाम्रो निम्ति ख्रीष्टको कुनै औचित्य हुँदैन। उहाँको बारेमा जानेरमात्र हामीलाई केही फाइदा हुँदैन। उहाँमा खानु पर्छ, हाम्रो हृदयमा उहाँलाई हामीले ग्रहण गर्नुपर्छ जसले गर्दा उहाँको जीवन हामीहरूको जीवन हुन जाओस्। उहाँको प्रेम, उहाँको अनुग्रह हामीहरूको आत्मा वा प्राणमा सोसिरहनैपर्छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ३८९बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. येशूले मन्दिरलाई शुद्ध पार्न खोज्नुभएको दृष्यलाई सोच्नुहोस्। हामीहरूले पनि हामीहरूको विश्वास र निश्चलतालाई बिक्रीमा कसरी राख्न सक्छौं? धर्मको आड वा चर्चमा खुट्टा टेकेर कसरी हामीहरूका महत्त्वाकाँक्षा पूरा गर्न सक्छौं, पद पाउन सक्छौं र धनी हुन सक्छौं? अझ महत्त्वपूर्ण प्रश्न त यो छ हामी चर्च वा चर्चको सदस्य भएको हैशियतले त्यो धरापमा नपर्न हामी कसरी सतर्क हुने?

आ. नास्तिक अलेक्स रोजेनवर्गले विश्वास गर्दछन् कि सबै थोक विज्ञानले व्याख्या गर्नुपर्छ र गर्न सक्नै पर्छ। यस संसारमा भएका सबै थोक कुनै डिजायन वा योजनाबिना, उद्देष्य, लक्ष्य र परमेश्वरबिना उब्जेका हुन्। "यस जगतको औचित्य वा लक्ष्य के छ र? केही पनि छैन। यस जगतको काम के हो र? त्यसको केही पनि काम छैन" उनले तर्क गर्छन्। यस जीवनको कुनै पनि लक्ष्य वा अर्थ छैन। वैज्ञानिक जस्तो विद्वानले त्यस्तो तर्क राख्दा तपाईंलाई खिन्न र निराश पार्न सक्छ होला। अनि तपाईंको खिन्नतालाई गम्भिररूपमा नलिन उनले नै चेतावनी दिँछन्। "किन? हामीमा भएका भावनाहरू र

नैराश्यता केही पनि होइन केवल शरीरमा भएका कोषलाई कसरी मिलाइन्छ त्यसमा भरपर्छ र हामीहरूको जीवनमा उब्जेका रसायनिक तत्वको परिणामले नै हामी त्यस अवस्थामा पुग्छौं। त्यस खालको जीवनलाई गम्भिर हुनुको औचित्य के छ र?" उनले व्यक्त गर्छन्। आफ्नो जीवन अर्थहिन हुँदा हुने नैराश्यतको जवाफ त्यस रोजेनवर्गसँग छैन। नैराश्यता भनेको कोष र रसायनिक तत्वको गतिविधि भएकोले त्यसलाई सम्हाल्न लागु औषधीले नै उपयुक्त छ भनेर उनले थप्छन्। "यदि नसालु औषधी खाएर तपाईं बिहान उठ्दा जाँगरिलो हुनुहुन्न भने वा तिन हप्तासम्म तपाईं त्यस्तै डिप्रेशन वा नैराश्य भइरहनुभएको पाउनुभयो भने अर्को औषधी खान सक्नुहुन्छ। प्रोजाक, विलबट्रिन, पाक्सिल, जोलोफ्ट, केलिक्सा र लुभोक्स जस्ता नशालु औषधीले काम गर्न प्रायजसो तिन हप्ता लाग्छ। एउटाले काम गरेन भने अर्कोले गरिहाल्छ नी।" उनले सुझाव दिन्छन्। अचम्मको कुरो के छ भने रोजेनवर्गले आफ्नो भनाइलाई जिकिरसाथ समर्थन गर्दछन्: यदि डिप्रेशन वा नैराश्यता लाग्यो भने नसालु औषधी खानु। रोजनवर्गको धारणासँग येशूको बारेमा हामी जे विश्वास गर्छौं र हाम्रो निम्ति क्रुसमा उहाँले के गर्नुभयो कसरी बाझिएको छ सो सोच्नुहोस्। जीवन निरर्थक छ र परमेश्वरको अस्तित्व छैन भन्ने रोजनवर्गको धारणसँग प्रभुभोजको वीधिमा हामीले भाग लिंदा कसरी असहमत जनाउँछ?